वर्ष ९ , अंक १ , वैशाख



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन



नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

मासिक ई-बुलेटिन

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ - २ |
| अपराध तथ्याङ्क | ३ - ११ |
| प्रहरी सेवा प्रवाह | १२- १५ |
| खोजतलास तथा समन्वय | १६ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १७ - १९ |
| अपराध समाचार | २० - २४ |
| उत्कृष्ट अनुसन्धान | २५ |
| सम्पादक मण्डल | २६ |

# विभागीय गतिविधिहरु

## अनुगमन तथा निरीक्षण सम्पन्न





***काठमाडौं, ९ वैशाख***

प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूद्धारा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्धारा चौथो अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan CAP IV) अन्तर्गत फौजदारी कसुरको अनुसन्धान गर्ने प्रहरी कार्यालयहरुको अनुगमन तथा निरीक्षण मापदण्ड २०८१ बमोजिम मिति २०८३।०१।०९ गते देखि मिति २०८३।०१।१५ गते सम्म गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा, नेपाल प्रहरी प्रदेश कार्यालय, पोखरा, जिल्ला प्रहरी कार्यालय, तनहुं, कास्की, बागलुङ ,पर्वत, म्याग्दी, मुस्ताङ तथा वडा प्रहरी कार्यालय, बैदाम, कास्की र इलाका प्रहरी कार्यालय, बेलचौतारा, तनहुको अनुगमन तथा निरीक्षण सम्पन्न भयो । उक्त अनुगमन तथा निरीक्षण कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षकज्यू , प्रहरी नायव उपरीक्षकज्यू , प्रहरी निरीक्षकज्यू लगायत अन्य दर्जाको समेत उपस्थिती रहेको थियो ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न





***काठमाडौं, ३० वैशाख***

मिति २०८३ वैशाख ३० गते नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख सुशिल सिंह राठौरज्यूको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय ) ऐन, २०७६ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी निर्माण गरिएको अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा चारित्रिक प्रमाणपत्र विरतण निर्देशिका २०८० बमोजिम फौजदारी कसुरको अनुसन्धान गर्ने सम्पुर्ण निकायहरुबाट फौजदारी मुद्दा सम्बन्धी विवरण संकलन गरी नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा रहेको अपराध सम्बन्धी राष्ट्रिय अभिलेखालयमा अद्यावधिक गर्ने र सोही आधारमा प्रहरी चारित्रिक प्रमाणपत्र जारी गर्नु पर्ने भन्ने व्यवस्था रहे बमोजिम सरकारवादी फौजदारी कसुरको अनुसन्धान गर्ने अन्य अर्ध न्यायिक निकायहरुमा दर्ता भएका सरकारवादी फौजदारी मुद्दाहरुको अभिलेख सुचना प्रविधिको माध्यमबाट नेपाल प्रहरीलाई उपलब्ध गराउने विषयमा सम्बन्धित सरोकारवाला निकायहरुका प्रतिनिधिहरुको उपस्थितिमा आवश्यक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

मासिक ई-बुलेटिन

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ



***काठमाडौं, ३० वैशाख***

वैदेशिक रोजगार ठगी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी पाँचथर मिक्लाजुङ गाउँपालिका-५ घर भएका ३६ वर्षीय सुवास लावती पक्राउ परेका छन् । एनसिबि अबुधाबी युएईको समन्वयमा युएईबाट पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । वैदेशिक रोजगारीमामा आकर्षक तलबको प्रलोभनमा पारी सर्बिया पठाइदिन्छु भनि पीडितलाई विभिन्न मितिमा ११ लाख ६१ हजार रूपैयाँ बैंक खातामा जम्मा गर्न लगाई सम्पर्कविहीन भई ठगी गरेको मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८२ साउन २६ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि वैदेशिक रोजगार विभाग तहाचल काठमाडौं बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## Mission खटि जान लाग्नु भएका प्रहरी अधिकृतज्यूको विदाई सम्पन्न


***काठमाडौं, १७ वैशाख***

United Nation Organization Stabilization Mission in the Democratic Republic of Congo (MONUSCO) स्थित मिति २०८३।०१।१७ गते खटि जान लाग्नु भएका प्रहरी निरीक्षक उमेश गुरुङ श्रेष्ठज्यूको विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूद्वारा विदाई तथा शुभकामना कार्यक्रम सम्पन्न भयो ।




# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फछ्र्यौट संख्या
## (आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)



## वैशाख महिनाको काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (फागुन - वैशाख)



मासिक ई-बुलेटिन


## वैशाख महिनाको उपत्यका र प्रदेशको शीर्षकगत मुद्दा दर्ता संख्या





## वैशाख महिनाको आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




## वैशाख महिनाको बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## वैशाख महिनाको जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या




## वैशाख महिनाको गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या




## वैशाख महिनाको सम्पत्ती शुद्दीकरणको उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या




## २०८३ साल वैशाख महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८३ साल वैशाख महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ३६६ | ५७ वर्ष ८ महिना २७ दिन | ३७९१५७१७ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३२६ | २१४ वर्ष ४ महिना ८ दिन | १००३८४४९ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ७३० | १५९ वर्ष ६ महिना २० दिन | ४२८७८२९१ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १९९ | १२८ वर्ष ८ महिना १४दिन | ३३२५३४४४ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | २०४ | ४७ वर्ष १० महिना २७ दिन | १८९०५७१४ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ३३० | ११७ वर्ष १० महिना ३ दिन | १२०९३२१४ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ६८ | ३३ वर्ष ११ महिना २९ दिन | ६४९६१७ |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ८४ | ५२ वर्ष ७ महिना २९ दिन | ८६७७३३१ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | १२ | १२ वर्ष ५ महिना १८ दिन | ५०९५७३३३ |
| **जम्मा** | | **२३१९ जना** | **८२५ वर्ष २ महिना २५ दिन** | **रु. २१,५३,६९,११०।-** |


## वैशाख महिनाको लागू औषध सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या




## वैशाख महिनाको लागु औषध मुद्दाको अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क




## वैशाख साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



मासिक ई-बुलेटिन

# प्रहरी सेवा प्रवाह

## २०८३ साल वैशाख महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८३ साल वैशाख महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १३०६५८ | ९८००१ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | ५ | ५ |
| ३. | अध्यागमन विभाग | ५६७ | ६६१ |
| ४. | नागरिक उड्डयान प्राधिकरण | ५ | ० |
| ५. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ४ | ४ |
| ६. | औंठाछाप प्रमाणिकरण | ११२ | ११२ |
| | अन्य | ८ | ६ |
| **जम्मा** | | १३१३५९ | ९८७८९ |

मासिक ई-बुलेटिन


## सामुदायिक प्रहरी गतिविधि

२०८३ साल वैशाख महिनामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७८, बुँदा नं. १२४ कार्यक्रमहरू)




# आसरा सुधार केन्द्र रानीबारी

## २०८३ साल वैशाख महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८३ साल वैशाख महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८३ साल वैशाख महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८३ साल वैशाख महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १६ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ६० जना |
| ३. | हराएका विदेशी नागरिकहरु | १ जना |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ७०,५५७ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | २४ जना |

# खोजतलास तथा समन्वय

## २०८३ साल वैशाख महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी रहेका बालबालिकाहरुको संख्या




## २०८३ साल वैशाख महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८३ सालको वैशाख महिनामा बिभिन्न **१६** वटा मुद्दा शीर्षक (चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत ८४ वटा मुद्दाको **३७२** वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- वैशाख महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।



## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८३/०१/०१ गतेदेखि २०८३/०१/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५९२** केशहरुको **३९९०** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **५१२** केशहरुको **३६५३** नमूनाहरु परीक्षण गरिएकोमा **५६२७** केशहरुको **२३१४७** नमुनाहरु पेण्डिङ रहेको।

- मिति २०८३/०१/०१ गतेदेखि २०८३/०१/३१ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा **२१६१** DATA Entry भएको।

- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट २०८३/०१/०१ गतेदेखि २०८३/०१/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **२१८** केशहरुको **६८१** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **१८२** केशहरुको **७०७** नमूनाहरु परीक्षण गरिएकोमा **५६३** केशहरुको **१९०३** नमुनाहरु पेण्डिङ रहेको।


- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८३/०१/०१ गतेदेखि २०८३/०१/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **७९** केशहरुको **२१०** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी ६७ केशहरुको **२११** नमूनाहरु परीक्षण गरिएकोमा **११६** केशहरुको **३१६** नमुनाहरु पेण्डिङ रहेको।

- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट मिति २०८३/०१/०१ गतेदेखि २०८३/०१/३१ गतेसम्म डकुमेन्ट भेरिफाई नागरिक्ता-० औंठाछाप -१२, फोटो-०६, हस्तक्षर-० समेत गरी जम्मा – १८ प्राप्त भई प्रमाणिकरण गरिएको।

- विभिन्न सम्मानित अदालतहरुमा मिति २०८३/०१/०१ गतेदेखि मिति २०८३/०१/३१ गतेसम्म यस प्रयोगशालाका ०९ जना विशेषज्ञहरु भौतिक रुपमा उपस्थित भई बकपत्र सम्पन्न भएको।

## केनाईन (Canine) महाशाखा, महाराजगञ्ज

### २०८३ साल वैशाख महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्यामा संलग्न रहेको अभियोगमा पक्राउ

***उदयपुर, ७ वैशाख***

चौदण्डीगढी नगरपालिका-७ सिता पाईला टोल बस्ने ६४ वर्षीय माहाशेर राईको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ७३ वर्षीय राम प्रसाद राईलाई प्रहरीले पक्राउ गरेको छ। आपसी वादविवादको क्रममा राम प्रसादले धारिलो हतियार चक्कु प्रहार गर्दा माहाशेर गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएका माहाशेरको नगर अस्पताल बेल्टारमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २४ वैशाख***

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी काभ्रे पाँचखाल नगरपालिका-७ बस्ने खोटाङ घर भएका ४३ वर्षीय धिरज भन्ने मोतिधन राईलाई प्रहरीले पक्राउ गरेको छ।जिल्ला अदालत काठमाडौंको २०७६ असोज १ गतेको फैसलाले उक्त मुद्दामा जन्मकैद सजाय ठहर भई कैद भुक्तानको लागि केन्द्रीय कारागार भद्रबन्दी गृह सुन्धारामा रहेकोमा २०८२ भदौ २४ गते कारागारबाट फरार भएका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काभ्रे पाँचखाल नगरपालिका-७ शिखरपुरबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कारबाहीको लागि केन्द्रीय कारागार जगन्नाथदेवल सुन्धारा पठाइएको छ।

### कर्तव्य ज्यान सम्बन्धी कसुरमा संलग्न तीन जना पक्राउ

***काठमाडौं, २५ वैशाख***

कर्तव्य ज्यान सम्बन्धी कसुरमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं कीर्तिपुर नगरपालिका-९ भाजंगल बस्ने अछाम साँफेबगर नगरपालिका-४ घर भएका २५ वर्षीय महेन्द्र शाह ,काठमाडौं कीर्तिपुर नगरपालिका-१० पाँगा दोबाटो बस्ने कैलाली बर्दगोरिया गाउँपालिका-४ घर भएका २३ वर्षीय रबिन्द्र धामी र काठमाडौं कीर्तिपुर नगरपालिका-८ सिनेमा हल बस्ने कैलाली घोडाघोडी नगरपालिका-१ घर भएका २२ वर्षीय रोशन बिष्ट रहेका छन्। कीर्तिपुर नगरपालिका-१० पोडेटोलस्थित चिया सागर नजिक सोही नगरपालिका-३ ढाल्पा बस्ने जिल्ला गुल्मी धुर्कोट गाउँपालिका-७ घर भएका २२ वर्षीय विपिन घिमिरेलाई धारिलो हतियार प्रयोग गरी ज्यान लिने कसुरमा संलग्न उनीहरूलाई प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***सुनसरी, २८ वैशाख***

धरान उपमहानगरपालिका-१० बेलगाछी बस्ने २७ वर्षीय जिवन भुजेलको हत्या गरेको अभियोगमा सोही उपमहानगरपालिका-१९ खिम्दिङ पुल चोक बस्ने २७ वर्षीय जिमी भन्ने अर्जुन विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ। अर्जुनले धारिलो हतियार छुरा प्रहार गर्दा जिवन गम्भीर घाइते भएका भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएका जिवनको विराट नर्सिङ होम विराटनगरमा थप उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### चोरीमा संलग्न रहेको अभियोगमा पक्राउ

***ललितपुर, ३ वैशाख***

ललितपुर महानगरपालिका-४ बागडोलबाट सुन तथा चाँदीका गरगहना चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-२१ बस्ने ३२ वर्षीय अमन देउलालाई प्रहरीले पक्राउ गरेको छ। साथै उक्त चोरीका गरगहना खरिद गरी गाल्ने कार्यमा संलग्न काठमाडौं महानगरपालिका-२३ बस्ने अर्पिता ज्वेलर्सका संचालक भारत पश्चिम बंगाल घर भएका ४७ वर्षीय स्वपन चक्रवर्तीलाई समेत प्रहरीले पक्राउ गरेको छ। गत चैत २६ गते दिउँसो उक्त स्थानबाट करिब ७९ लाख १२ हजार ५ सय २ रूपैयाँ बराबरको गरगहना चोरी भएको घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले अमनलाई ललितपुर महानगरपालिका-४ बाट र स्वपनलाई उनकै पसलबाट पक्राउ गरेको हो। साथै प्रहरीले स्वपनको पसलबाट सुन तथा चाँदीको जस्तो देखिने विभिन्न गरगहना समेत बरामद गरेको छ। उनीहरू उपर जिल्ला अदालत ललितपुरबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं, ५ वैशाख***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३२ बस्ने दोलखा घर भएका २४ वर्षीय आङ मिङमार शेर्पा, काठमाडौं गोकर्णेश्वर नगरपालिका-५ बस्ने काभ्रे घर भएकी ४२ वर्षीया सुनिता सिङतान (लामा) र काठमाडौं महानगरपालिका-४ बस्ने सिन्धुली घर भएकी ३३ वर्षीया बाल कुमारी माझी रहेका छन् ।पक्राउ मध्ये आङ मिङमारले लक्जम्बर्ग पठाइदिन्छु भन्दै १ जना पीडितबाट १९ लाख रूपैयाँ, सुनिताले युके पठाइदिन्छु भन्दै १ जना पीडितबाट १६ लाख ७६ हजार रूपैयाँ र बाल कुमारीले अजरबैजान पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट १० लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले आङ मिङमारलाई काठमाडौं महानगरपालिका-२ बाट, सुनितालाई काठमाडौं महानगरपालिका-२८ बाट र बाल कुमारीलाई काठमाडौं महानगरपालिका-४ बाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## सामाजिक संजालमा धम्कीपूर्ण अभिव्यक्ति दिने व्यक्ति पक्राउ

***काठमाडौं, ८ वैशाख***

सामाजिक संजालमा धम्कीपूर्ण अभिव्यक्ति दिने कार्यमा संलग्न रहेको अभियोगमा बझाङ थलरा गाउँपालिका-४ मयल ठेगाना भएका २० वर्षीय सानु भाइ भन्ने साजन बिष्टलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-९ सिनामंगलबाट पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा बिष्टले आफ्नो फेसबुक आइडी सानू भाइ नामक एकाउन्टबाट पुर्व प्रधानमन्त्री केपी ओली, पुर्व गृहमन्त्री रमेश लेखक, पुर्व मन्त्री दिपक खड्कालाई तुरून्त रिहा गर अन्यथा प्रधानमन्त्री तथा गृहमन्त्रीलाई गोली हान्न टिम बाध्य हुने छ जसका लागि एके-४७ जस्ता अत्याधुनिक हतियारहरू काठमाडौंमा भित्रिसकेको छ भनि पोष्ट गरी सर्वसाधारण जनमानसमा त्रास फैलाउने र आफुले भनेका कुराहरू नमानेमा हालको प्रधानमन्त्री तथा गृहमन्त्रीलाई ज्यान मार्ने धम्कीपूर्ण भिडियो समेत सार्वजनिक गरेको खुल्न आएको छ। उनलाई विद्युतिय कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसुरमा थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि साइबर ब्यूरो भोटाहिटी पठाइएको छ।

## अनलाइन मार्फत ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा पक्राउ

***काठमाडौं, ११ वैशाख***

अनलाइन मार्फत ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा इलाम फाकफोकथुम गाउँपालिका-६ बस्ने २७ वर्षीय सुजन लिम्बु भन्ने सुशन थेगिम लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं पराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा उनले सामाजिक सञ्जाल टिकटकमा पीडितसँग कुराकानी गरी विभिन्न प्रलोभनमा पारी अमेरिकी डलर, गरगहना लगायतका विभिन्न उपहार डिएचएल मार्फत पठाएको, उक्त सामान काठमाडौंको एयरपोर्टमा रहेको डिएचएल कम्पनीको शाखामा आइपुगिसकेको र सो सामान बुझ्नको लागि कस्टम चार्ज, कर बापतको रकम भुक्तानी गर्नुपर्छ भनी विभिन्न बैंक खातामा २ लाख रूपैयाँ पठाउन लगाई ठगी गरेको खुल्न आएको छ। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## विद्युतीय कारोबार अन्तर्गत कसुर गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १७ वैशाख***

E-Government Procurement System मा अनधिकृत पहुँच पुऱ्याई ठेक्काका विवरण हेरफेर गरी विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुर गरेको अभियोगमा आशिष निर्माण सेवा प्रालिका संचालक काठमाडौं बुढानिलकण्ठ नगरपालिका-९ मण्डिखाटार बस्ने चितवन रत्ननगर नगरपालिका-१२ ठेगाना भएका ७० वर्षीय ऋषि केश गौलीलाई प्रहरीले पक्राउ गरेको छ। साईबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-९ पुरानो वानेश्वरबाट पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा ऋषि केशले सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP (e-Government Procurement) प्रणालीमा अनाधिकृत पहुँच पुऱ्याई ठेक्काहरूको विवरण हेरफेर (ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नु भन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन) गरेको खुल्न आएको छ। उनी उपर संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा थप अनुसन्धान कार्य भइरहेको छ। साथै उक्त मुद्दामा हालसम्म १० जना निर्माण व्यवसायीहरु समेत गरी जम्मा १३ जना शंकास्पद व्यक्तिहरूलाई पक्राउ गरी प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## साइबर ब्यूरोको नाम दुरूपयोग गरी ठगी गर्ने कार्यमा संलग्न चार जना पक्राउ

काठमाडौं, २२ वैशाख

साइबर ब्यूरोको नाम दुरूपयोग गरी ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ४ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा धनकुटा साँगुरीगढी गाउँपालिका-३ बस्ने ३० वर्षीय दिपक लिम्बु, सुनसरी धरान उपमहानगरपालिका-९ बस्ने २१ वर्षीय सौरव भुजेल, सोही उपमहानगरपालिका-१३ बस्ने २८ वर्षीय सजल राई र इनरूवा नगरपालिका-६ बस्ने २४ वर्षीय सृजन थापा रहेका छन् ।नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीको नाम दुरूपयोग गरी पीडितलाई फोन सम्पर्क गरी डर त्रास तथा प्रलोभनमा पारी रकम पठाउन लगाई विद्युतीय माध्यम सम्बद्ध ठगी कार्य भएको भन्ने पीडितहरूको उजुरीको आधारमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले इलाका प्रहरी कार्यालय धरान सुनसरीको समन्वयमा उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर विद्युतीय माध्यम सम्बद्ध ठगी अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट ४ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### चेक अनादर मुद्दाका फरार प्रतिवादीहरू पक्राउ

***काठमाडौं, २३ वैशाख***

चेक अनादर मुद्दाका २ जना फरार प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ललितपुर, ललितपुर महानगरपालिका-१५ सातदोबाटो बस्ने मकवानपुर बागमती गाउँपालिका-७ घर भएका ४७ वर्षीय पुर्ण बहादुर डिम्डुङ र काठमाडौं महानगरपालिका-३१ बस्ने भीमसेनगोला बस्ने तेह्रथुम फिदिम नगरपालिका-४ घर भएका ५८ वर्षीया सलिजा कान्दङवा रहेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले जिल्ला अदालत मकवानपुरको २०८१ माघ १३ गतेको फैसलाले उक्त मुद्दामा २ वर्ष कैद सजाय ठहर भई फरार रहेका पुर्ण बहादुरलाई ललितपुर महानगरपालिका-१५ सातदोबाटोबाट सोमबार पक्राउ गरेको हो । साथै सोही मुद्दामा फरार रहेकी सलिजालाई काठमाडौं महानगरपालिका-३१ भीमसेनगोलाबाट मंगलबार प्रहरीले पक्राउ गरेको हो । पक्राउ मध्ये पुर्ण बहादुरलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत मकवानपुर र सलिजालाई जिल्ला अदालत पाँचथरमा पेश गरिएको छ ।

### सरकारी छाप दस्तखत कीर्ते मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, ३० वैशाख***

सरकारी छाप दस्तखत कीर्ते मुद्दाका फरार प्रतिवादी ललितपुर महानगरपालिका-३ आदर्श टोल बस्ने ६१ वर्षीय क्रोडी फ्रेच क्षेत्री भन्ने फरदिनान्द भ्यालेन्टाईन फेट्जलाई प्रहरीले पक्राउ गरेको छ । आफ्नै छोरीको कक्षा ११ र १२ पास भएको नक्कली ट्रान्सक्रिप्ट लगायतका कागजात बनाई सरकारी छाप दस्तखत कीर्ते गरेको मुद्दामा जिल्ला अदालत भक्तपुरको २०८२ वैशाख ३ गतेको फैसलाले १ वर्ष कैद सजाय र ५० हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-९ तिलगंगाबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत भक्तपुरमा पेश गरिएको छ ।

## यौनजन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***धनकुटा ,३ वैशाख***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा महालक्ष्मी नगरपालिका-६ गुठ बस्ने ४२ वर्षीय धन बहादुर गिरीलाई प्रहरीले पक्राउ गरेको छ । धन बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी लेगुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***महोत्तरी, ६ वैशाख***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बर्दिबास नगरपालिका-१३ बिजलपुरा टोल बस्ने ४५ वर्षीय बेचु भन्ने शिव शंकर आले मगरलाई प्रहरीले पक्राउ गरेको छ । शिव शंकरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बर्दिबासबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***पाल्पा ,७ वैशाख***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रैनादेवी छहरा गाउँपालिका-६ चहला बस्ने २२ वर्षीय कमल सोमरेलाई प्रहरीले पक्राउ गरेको छ । कमलले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पाल्पाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***झापा, १० वैशाख***

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ताप्लेजुङ सिरिजङ्घा गाउँपालिका-७ बस्ने ३० वर्षीय मुक्ति भट्टराईलाई प्रहरीले पक्राउ गरेको छ । मुक्तिले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी तथा कर्तव्य ज्यान सम्बन्धी मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १७ वैशाख***

जबरजस्ती करणी तथा कर्तव्य ज्यान सम्बन्धी मुद्दाका फरार प्रतिवादी बाग्लुङ गल्कोट नगरपालिका-९ मल्म घर भई नवलपरासी पुर्व गैंडाकोट नगरपालिका-१२ हर्कपुर बस्ने ३१ वर्षीय संजय विकलाई प्रहरीले पक्राउ गरेको छ ।

२०८० मंसिर ५ गते तनहुँ भिमाद घर भई कास्की पोखरा महानगरपालिका-८ नागढुङ्गा बस्ने ३९ वर्षीया सुकु विकलाई पोखराको होटलमा लगि जबरजस्ती करणी गरी हत्या गरी फरार भएको घटनामा विकलाई प्रहरीले २०८१ साउन १ गते पक्राउ गरेको थियो । जिल्ला अदालत कास्कीबाट २०८२ जेठ २६ गते उक्त मुद्दामा जन्म कैदको फैसला भई कारागारमा चलान भएकोमा २०८२ भाद्र २४ गतेको आन्दोलनमा जिल्ला कारागार कास्कीबाट भागी फरार रहेको उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-७ चावहिलबाट पक्राउ गरेको हो ।

साथै २०८२ चैत २२ गते नवलपरासी पूर्व देवचुली नगरपालिका-१६ टाँडीकोट बस्ने ७५ वर्षीय जिवनराम थनेत र ७० वर्षीया गुलाबसिनिया थनेतलाई घरेलु हतियारले प्रहार गरी गम्भीर घाइते बनाई उनीहरूको साथबाट सुनका गरगहना लगायतका धनमाल लुटपाट भएको र घाइते मध्ये जिवनरामको उपचारको क्रममा

मृत्यु भएको घटनामा समेत संजयको संलग्नता रहेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ । उनलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्व पठाइएको छ ।

# लागु औषध सम्बन्धी

## करिब २ सय २५ किलो गाँजा सहित दुई जना पक्राउ

***सुनसरी, २ वैशाख***

बराहक्षेत्र नगरपालिका-६ पटवारीबाट अवैध लागूऔषध गाँजा करिब २ सय २५ किलोग्राम सहित बराहक्षेत्र नगरपालिका-६ बस्ने २० वर्षीय बिशेष माझी समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको गाँजा सहित पक्राउ गरेको हो । प्रहरीले उनीहरूले प्रयोग गरेको को.३० प ९४७५ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब २ सय ५० किलो गाँजा बरामद

***रौतहट, ७ वैशाख***

गौर नगरपालिका-४ दशगजाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब २ सय ५० किलोग्राम गए राति प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीलाई देख्नासथ नेपालबाट भारततर्फ जाँदै गरेका अपरिचित व्यक्तिहरूले उक्त परिमाणको लागूऔषध फालेर फरार भएपश्चात प्रहरीले उक्त लागूऔषध बरामद गरेको हो । प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ । नेपालगंज उपमहानगरपालिका-५ फुलटेक्राबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६८ ग्राम ८ सय १० मिलिग्राम सहित सोही ठाउँ डेरा गरी बस्ने भारत उत्तर प्रदेश बहराईज रुपैडिया बाबागंज पुरानी बजार घर भएका ३२ वर्षीय मोहमद हामीद समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

## अवैध लागूऔषध ब्राउनसुगर सहित एक जना पक्राउ

***बाँके, १६ वैशाख***

नेपालगंज उपमहानगरपालिका-१३ लालापुरबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ८ सय ७० मिलिग्राम सहित कोहलपुर नगरपालिका बस्ने १८ वर्षीय किशोरलाई पक्राउ गरेको छ । प्रहरी चौकी तेलियनपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## आठ दिनको अवधिमा लागूऔषध कारोबारमा संलग्न १ हजार ४४ जना व्यक्तिहरू पक्राउ

***काठमाडौं, १७ वैशाख***

नेपाल प्रहरीले संचालन गरेको स्वीप अप्रेशन अन्तर्गत गत वैशाख ९ गतेदेखि १६ गतेसम्म विगत आठ दिनको अवधिमा देशभरबाट लागूऔषध कारोबारमा संलग्न १ हजार ४४ जना व्यक्तिहरू पक्राउ परेका छन् । जसमध्ये उपत्यकाबाट ४१ जना, कोशी प्रदेशबाट ५ सय ९३ जना, मधेश प्रदेशबाट ३० जना, बागमती प्रदेशबाट ५१ जना, गण्डकी प्रदेशबाट १ सय ४० जना, लुम्बिनी प्रदेशबाट ४२ जना, कर्णाली प्रदेशबाट ८७ जना र सुदूरपश्चिम प्रप्रदेशबाट ६० जना पक्राउ परेका हुन् । सो अवधिमा अवैध लागूऔषध गाँजा १ सय ७६ किलो ५१ ग्राम १ सय ८० मिलिग्राम, चरेस १६ किलो ८ सय ९ ग्राम ४ सय मिलिग्राम, हेरोइन १ किलो ३ सय ७२ ग्राम ८ सय ६६ मिलिग्राम, पोलेन १ किलो १ सय ४२ ग्राम, नियन्त्रित लागूऔषध डाईजेपाम १ हजार २ सय २४ एम्पुल, फेनारगन १ हजार ४ सय १७ एम्पुल, बुप्रेनोर्फिन १ हजार ७६ एम्पुल, लुपिजेसिक ४१ एम्पुल, ट्रामाडोल ६२ हजार ९५ ट्याब्लेट, नाइट्राभेट २ सय ४२ ट्याब्लेट, स्पास्मो १ सय ३ ट्याब्लेट प्रहरीले बरामद गरेको छ । लागूऔषध कारोबार लगायत आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सदैव क्रियाशील छ । सबै प्रहरी कार्यालयहरूले विशेष स्वीप अप्रेशन संचालन गरी त्यस्ता गतिविधिमा संलग्नलाई नियन्त्रणमा लिने कार्यलाई प्राथमिकतामा राखी कार्य गरिरहेको छ । साथै प्रहरीले लागूऔषध दुर्व्यसनीले समाज एवम् व्यक्तिगत जीवनमा पार्ने नकारात्मक असर सम्बन्धी समुदाय-प्रहरी साझेदारी अन्तर्गत विभिन्न जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।काठमाडौं उपत्यका प्रहरी कार्यालय, ७ वटै प्रदेश प्रहरी कार्यालयहरू एवम् सबै जिल्ला प्रहरी कार्यालयहरूले स्वीप अप्रेशन संचालन गरी लागूऔषध कारोबारमा संलग्न व्यक्तिहरूलाई कानूनी दायरामा ल्याउन सक्रिय रूपमा प्रस्तुत हुँदै आइरहेको छ ।

## करिब ६ सय २२ किलो गाँजा बरामद

***भोजपुर, २१ वैशाख***

आमचोक गाउँपालिका-८ पोयाम्पास्थित टहराबाट अवैध लागूऔषध गाँजा करिब ६ सय २२ किलो ३० ग्राम प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय भोजपुर समेतबाट खटिएको प्रहरीले उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध ब्राउनसुगर सहित दुई जना पक्राउ

***बाँके २१ वैशाख***

नेपालगंज उपमहानगरपालिका-५ फुलटेक्राबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६८ ग्राम ८ सय १० मिलिग्राम सहित सोही ठाउँ डेरा गरी बस्ने भारत उत्तर प्रदेश बहराईज रुपैडिया बाबागंज पुरानी बजार घर भएका ३२ वर्षीय मोहमद हामीद समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नेपालगंज र वडा प्रहरी कार्यालय नेपालगंजबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । साथै प्रहरीले उनीहरूले प्रयोग गरेको युपी ४० बिएच ४७०८ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब १ सय ४८ किलो गाँजा सहित दुई जना पक्राउ

***सुनसरी, २३ वैशाख***

बराहक्षेत्र नगरपालिका-२ पुल्ठेगौडाबाट अवैध लागूऔषध गाँजा १ सय ४८ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत सुपोल बिहार राज्य बिरपुर बस्ने २१ वर्षीय मो.सदाम र १८ वर्षीय किशोर रहेका छन् । इलाका प्रहरी कार्यालय चतराबाट खटिएको प्रहरीले चतराबाट तेहआर्डीतर्फ आउँदै गरेको बीआर ०७ पिसि ४७६५ नम्बरको एम्बुलेन्समा सवार उनीहरूलाई उक्त परिमाणको गाँजा सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध खैरो हेरोइन सहित दुई जना पक्राउ

***काठमाडौं, ३१ वैशाख***

**काठमाडौं**, बुढानिलकण्ठ नगरपालिका-११ बाट अवैध लागूऔषध खैरो हेरोइन ८३ ग्राम र डिजिटल तराजु १ थान सहित उदयपुर चौदण्डीगढी नगरपालिका-५ घर भएका ३१ वर्षीय केदार राईलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

**कञ्चनपुर**, पुनर्वास नगरपालिका-४ कार्गीलिडाँडाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम २ सय ७० मिलिग्राम सहित कैलाली गोदावरी नगरपालिका-६ लालपुर बस्ने २८ वर्षीय हिक्मत बहादुर साउदलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय त्रिभुवनबस्ती समेतबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# अन्य अपराध

## मृगको छाला सहित दुई जना पक्राउ

***काठमाडौं, १५ वैशाख***

काठमाडौं महानगरपालिका-९ सिनामंगलबाट अवैध वन्यजन्तु मृगको जस्तो देखिने छाला ३ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा नागार्जुन नगरपालिका भैरवी महांकाल बस्ने झापा मेचीनगर नगरपालिका-११ धाइजन घर भएका २८ वर्षीय बिजय उप्रेती र २७ वर्षीय बिशाल उप्रेती रहेका छन् । काठमाडौं सिनामंगलस्थित वन्यजन्तुको छाला समेतका सामग्रीहरू बिक्री वितरण भइरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त छाला सहित पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागी डिभिजन वन कार्यालय हात्तीसार काठमाडौं पठाइएको छ ।

## क्यासिनोमा जुवा खेल्ने/खेलाउने कार्यमा संलग्न रहेको अभियोगमा १९ जना पक्राउ

***रूपन्देही, २३ वैशाख***

क्यासिनोमा जुवा खेल्ने/खेलाउने कार्यमा संलग्न रहेको अभियोगमा सिद्धार्थनगर नगरपालिका-६ गल्लामण्डी बस्ने २२ वर्षीय अभय कुमार गुप्ता समेत १९ जनालाई प्रहरीले पक्राउ गरेको छ । लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ र जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट खटिएको प्रहरीले उनीहरूलाई सिद्धार्थ नगरपालिका-१० स्थित रोयल कालिङ्गा क्यासिनोमा जुवा खेल्दै/खेलाउँदै गरेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । साथै प्रहरीले उनीहरूको साथबाट नगद ९५ हजार ५ सय रूपैयाँ, क्यासिनो क्वाइन ५० थान र मोबाइल १७ थान समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## भरूवा बन्दुक सहित दुई जना पक्राउ

***काठमाडौं, २ वैशाख***

**उदयपुर,** उदयपुरगढी गाउँपालिका-६ चिपचपे बस्ने ३५ वर्षीय गुन्सुरे राईलाई भरूवा बन्दुक १ थान सहित प्रहरीले पक्राउ गरेको छ । गुन्सुरेले भरूवा बन्दुक प्रहार गर्दा छिमेकी २० वर्षीय अरूण राई र अरूणकै श्रीमती घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट नेपालटारबाट खटिएको प्रहरीले उनलाई उक्त बन्दुक सहित पक्राउ गरेको हो । घाइते अरूणको स्थानीय मेडिकल हुँदै थप उपचारको लागि जिल्ला अस्पताल उदयपुर पठाइएको छ ।

**स्याङ्जा** ,विरूवा गाउँपालिका-७ चित्लाङ बस्ने ४६ वर्षीय केश बहादुर गुरूङलाई एकनाले भरूवा बन्दुक १ थान सहित प्रहरीले पक्राउ गरेको छ । केश बहादुरको घरमा भरूवा बन्दुक लुकाई छिपाई राखेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय स्याङ्जा र प्रहरी चौकी विरूवाअर्चलेबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त बन्दुक फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## हातहतियार बरामद

***काठमाडौं, ६ वैशाख***

काठमाडौं महानगरपालिका-१५ शोभा भगवतीस्थित बिष्णुमती खोला किनारबाट टाइप ५४ पेस्तोल ४ थान, सोही पेस्तोलको म्यागजिन ७ थान र ९ एमएम बेरेटाको ५८ राउन्ड गोली प्रहरीले बरामद गरेको छ । प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उक्त हातहतियार फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## पेस्तोल तथा लागूऔषध सहित चार जना पक्राउ

***काठमाडौं, १८ वैशाख***

बुढानिलकण्ठ नगरपालिका-५ लगायत काठमाडौंको विभिन्न स्थानबाट पेस्तोल १ थान, सोही पेस्तोलको म्याग्जिन ३ थान, सोही पेस्तोलको गोली ४ राउण्ड, एसएलआर हतियारको गोली २ राउण्ड र नियन्त्रित लागूऔषध ट्रामाडोल १६ हजार ७ सय ५० ट्याब्लेट सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बुढानिलकण्ठ नगरपालिका-५ बस्ने २३ वर्षीय कबिर देउला, ४२ वर्षीया सबिना पोडे, २६ वर्षीय सन्सार सिटौला र ललितपुर गोदावरी नगरपालिका-११ बस्ने २६ वर्षीय सुबास साही रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त हातहतियार र लागूऔषध सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –कर्तव्य ज्यान

मिति २०८२।१२।२५ गते बेलुका अं.१९:३० बजेको समयमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.१२ मंगलबजार कृष्ण मन्दिर अगाडी दुई पक्षबिच कुटपिट एवं चक्कु प्रहार भएको भन्ने सुचना प्राप्त हुनासाथ तत्काल खटिएको प्रहरी टोलीले तत्कालै निम्न घाईतेहरुलाई उद्धार गरी प्रहरीको गाडीमा राखी ग्वार्को स्थित रहेको बि.एण्ड.बि.अस्पतालमा पुऱ्याईएकोमा उपचारको क्रममा सोही राती २०:३० बजेको समयमा मृत्यु भएको हुँदा कानून बमोजिम कारवाही होस भन्ने जाहेरी दरखास्त प्राप्त भएकोमा मिति २०८२।१२।२६ गते मुद्दा नं.८५१ मा दर्ता भई उक्त घटनामा संलग्न २ जना प्रतावादीलाई तत्काल पक्राउ गरेको र अनुसन्धानको सिलसिलामा थप १ जना प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न अनुसन्धान प्रतिवेदन राय जिल्ला सरकारी वकिल कार्यालय ललितपुर मार्फत सम्मानित ललितपुर जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८३।०१।२३ गतेको आदेशानुसार तिनै जना प्रतिवादीलाई पूर्पक्षको लागि नख्खु कारागार चलान।

## मुद्दा शीर्षक –जबरजस्ती करणी

मिति २०८३।०१।०५गते शनिबारको दिउँसो अं. १५:०० बजेको समयमा पाल्पा जिल्ला अन्तर्गत मेरो माईतीघरको कोठामा कानूनको विवादमा परेका बालक परिवर्तित नाम (०८२।०८३) ४७८ (G) लेमेरी नाबालिका छोरी वर्ष ४ कि परिवर्तित नाम (०८२।०८३) ४७ (द)लाई जबरजस्ती करणीगरेको हुँदा निज कानूनको विवादमा परेका बालकलाई नियन्त्रणमा लिई कानून बमोजिमगरी पाउँ भन्ने समेत व्यहोराको पीडितको आमा परिवर्तित नाम (०८२।०८३) ४७ (द)आमाको जाहेरी दरखास्त प्राप्त भएकोमा निज कानूनको विवादमा परेकाबालकलाई अनुसन्धान पश्चात सम्मानित अदालत पेश हुँदा मिति २०८३।०१।२९ गतेको सम्मानित पाल्पा जिल्ला अदालतको थुनछेक आदेशले कानूनको विवादमा परेकाबालकलाई ९ महिना कैद र रु.५०,०००/- क्षतिपूर्ति भई मुद्दा फैसला भएकोले निजबालकलाई बालसुधार गृह भैरहवा पठाईएको।

## मुद्दा शीर्षक – मानब बेचबिखनतथा ओसार पसार

हाम्रो आर्थिक अवस्था अत्यन्त कमजोरी भएकोले पीडित छोरीलाई मेरो भाई बुहारी नाता पर्ने रस्मी मिजारले बेला बखत काम गर्नको लागि भनी आफ्नो साथमा लाने र कहिले ७/८ दिन पछी र कहिले १४/१५ दिन पछी घरमा आउने गर्थिन, त्यस्तैमा ३/४ दिन देखी पीडित छोरीले मेरो यौनी र मलद्वारमा घाउँभएको कारण दिसा पिसाब गर्न मलाई गारो भयो भनेको हुदा मिति २०८३।०१।०४ गते यौन शोषण भएको कारणबाट भएको भनी अस्पतालको चिकित्सकले राय सल्लाह दिई यो घटना के कसरी कुन ठाउमा भएको हो प्रहरी कार्यालयमा गई सम्पर्क गर्नु भनी घटनाको सम्बन्धमा पीडित छोरी बर्ष १८ की परिवर्तित नाम जिल्ला-२४ गजुरी (५५) ०८२/०८३ सँग सोधपुछ गर्दा मलाई रस्मी मिजार माईजु र चन्द्र बहादुर खड्का समेतले धादिङ जिल्लाको गल्छी गाउँपालिका वडा नं.८ मा पर्ने रोजिता होटल र गजुरी गाउँपालिका वडा नं.६ आदमघाटमा रहेको लामिछाने होटलमा लगी राखी वेश्याबृत्तिमा लगाएको भनी बताएकोले यो जाहेरी दरखास्त दिन आएकोहुं। होटल संचालक समेतको नाम थर पत्ता लगाई निजहरुलाई पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन अनुसार हदै सम्मको सजाय गरी क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने व्यहोराको पीडितको आमा परिवर्तित नाम जिल्ला-२४ गजुरी (५५) ०८२/०८३ को जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई अनुसन्धान पश्चात सम्मानित अदालत पेश हुँदा सम्मानित अदालतको मिति २०८३।०१।३१ गतेको आदेशले प्रतिवादी चन्द्र बहादुर खड्कालाई पूर्पक्षको कारागार चलान र प्रतिवादिहरूबिन्दा लामिछाने मगर र महेश्वर श्रेष्ठ बाट जनही रु २०००००/- धरौटी तिरि थुनामुक्त भएको।

## मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान)

मिति २०८२।१२।१५ गते राती १२:३० बजेको समयमा जिल्ला कालीकोट नरहरिनाथ गाँउपालिका वडा नं.३ बस्ने बर्ष २९ को काँसीराम बुढाले आफ्नो श्रीमती ऐ.ऐ.बस्ने बर्ष २७ की मनपुरा अधिकारी (बुढा) लाई धारिलो घरेलु हरियार बञ्चरोले टाउको लगायत शरीरको विभिन्न अंगमा प्रहार गरी कर्तव्य गरी घटनास्थलमा नै मारेको हुँदा निजलाई कानून बमोजिम गरी पाँउ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित कालीकोट जिल्ला अदालत कालीकोटकोमिति २०८३।०१।०४ गतेको आदेशले प्रतिवादी पुर्पक्षका लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति२०८२।१२।१२ गते अं.१२:२० वजेको समयमा जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडानं.-१ बैरिया स्थित आफ्नै घर आगनमा मेरो भतिजावर्ष अं. ३२ को सुमन चौधरीलाई ऐ.ऐ. बस्ने वर्ष ४५ को उदय अधिकारीले धारिलो हतियार खुर्पाले अनुहार तथा दुबै हातमा समेत पटक पटक प्रहारगरी गम्भीर घाईते बनाएकोमा उपचारको क्रममा सोही दिनको साँझ अन्दाजी ७:४० बजेको समयमा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएकोले निज प्रतिवादी उदय अधिकारीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको नाथु थारुको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई अनुसन्धान पश्चात सम्मानित अदालत पेश हुँदा मिति२०८३।०१।०८ गते कपिलवस्तु जिल्ला अदालतको आदेशले निज प्रतिवादीपूर्पक्षको लागि कारागार चलान भएको।

मासिक ई-बुलेटिन


## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौर

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

**सम्पादक**

प्रहरी निरीक्षक निराजन सुनार

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी वरिष्ठ हवल्दार कल्पना राई


## सम्पर्कको लागि :


**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**